बीमा समिति
BEEMA SAMITI
नेपालको बीमा नियमनकारी निकाय
Insurance Regulatory Authority of Nepal

बीमा समिति-२०४९
Insurance Board-1992

परिपत्र नं. २८

बी.स.१२३ (२०७६/०७७) च.नं. ५२०८

मिति: २०७७/०२/१४

**श्री ईजाजतपत्र प्राप्त सबै जीवन बीमा कम्पनीहरु,**

विषय: **अनलाइन बीमालेख जारी गर्ने सम्बन्धी कार्यबिधि सम्बन्धमा।**

विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) का कारण नेपाल सरकारले अत्यावश्यक सेवा बाहेकका अन्य सेवा बन्द गरेको अवस्थामा उक्त अवधि भरका लागि सङ्क्रमणबाट सजग रही कार्य गर्न विभिन्न मितिहरुमा परिपत्रहरु जारी भएको विदितै छ। साथै, अत्यावश्यक बीमा सेवा निरन्तरताका लागि देहाय बमोजिमको व्यवस्था गरिएकोले सोही अनुसार गर्न गराउनुहुन निर्देशन गरिएको छ :-

(क) बीमालेख अनलाइन विधिबाट जारी गर्दा Non- Medical Limit भित्रका बीमालेखहरु समितिबाट जारी गरिएको लघु बीमा निर्देशिका अन्तर्गत रु. ३ लाख बीमाङ्कको अधिकतम हदसम्म मात्र गर्न सकिने,

(ख) बीमकको विद्यमान बीमालेख वितरण प्रणाली (Distribution Channel) अन्तर्गत रही बीमालेखको प्रस्ताव फारम अनलाइन मार्फत भराउने र पर्याप्त रुपमा बीमा जोखिमाङ्कन गरी बीमालेख जारी गर्न सकिने,

(ग) बीमालेखको प्रस्ताव फारम भर्दा ग्राहक पहिचान फारम, फोटो लगायत अन्य जानकारी समेत लिने ब्यवस्था गर्ने,

(घ) बीमालेख अन्तर्गतको बीमाशुल्क विभिन्न बैंक तथा वित्तीय संस्थाहरुको Mobile Banking तथा अनलाइन सेवा प्रदायक मार्फत समेत भुक्तानी गर्न सकिने,

(ङ) बीमालेख जारी गर्दा " This is electronically generated policy hence bears no signature. The duly stamped original policy will be provided after the lockdown period" भन्ने वाक्यांश सहित ईमेल मार्फत बीमालेखको सफ्ट कपी पठाउने। साथै, लकडाउन अवधि समाप्त भएपछि टिकट सहितको सक्कल बीमालेख र रसिद बीमितलाई उपलब्ध गराउने ब्यवस्था गर्ने।

(राजु रमण पौडेल)
कार्यकारी निर्देशक

**बोधार्थ:**
श्रीमान् अध्यक्षज्यूको सचिवालय, बीमा समिति।